सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: ४

आ.व:२०८२/०८३

मिति: २०८२ असोज ०८

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल असोज ०८ गते बुधवारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता बिष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाईं | सदस्य | |
| ४. श्री पदम बहादुर थापा | सदस्य | |
| ५. श्री कुल बहादुर थिङ | सदस्य | |
| ६. श्री डण्डुप लामा | सदस्य | |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य | |
| ८. श्री रिता कामी धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | अविना |
| १०. श्री सुनमाया तामाङ | सदस्य | सुनमाया |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | |
| १२. श्री टासी लामा | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव | |

**अन्य उपस्थिति:**

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा

१६.श्री शुक्र बहादुर तितुङ - कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को चौथो कार्यपालिका बैठक

०८ असोज २०८२

ने.स. ११४५ कौलाथ्व ३ बुधबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्लो यस भन्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्व्रयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना छनौट सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमबाट स्वीकृत तपसिलका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>वडा नं. १:-<br>१. मगरटोल बाटो रु. ५ लाख।<br>२. घिसिङ्गटोल सडक मर्मत रु. ५ लाख।<br>३. कोलगैरा छ्योर्तेन निर्माण रु. ५ लाख।<br>४. सिमपानी धारापानी वोझिनी सडक योजना रु. ५ लाख।<br>वडा नं. २:<br>१. पकुवाल समाज भवन तला थप योजना रु. ५ लाख।<br>२. उत्तिस बोट मैरे खानीखोला सडक स्तरोन्नति रु. १० लाख।<br>३. गाल्पा सामुदायिक भवन निर्माण रु. ८ लाख।<br>वडा नं. ३:<br>१. हरसेती पाण्डेटोल नागसिवा खानेपानी योजना ८ लाख।<br>२. पशुपति मा.वि. वाल निर्माण १५ लाख।<br>वडा नं. ४:<br>१. सुनापति मन्दिर ट्रस निर्माण तथा वाल निर्माण ७ लाख।<br>२. मिलिजुली सामुदायिक भवन निर्माण ८ लाख।<br>३. प्रतिष्ठान भवन व्यवस्थापन ५ लाख।<br>वडा नं. ५:<br>१. छागाखोला सिरानटोल सडक स्तरोन्नति ८ लाख।<br>२. रुपाकोट सुनापति सडक स्तरोन्नति ८ लाख।<br>३. कृष्णपुरी मा.वि. खानेपानी ट्याङ्की निर्माण ५ लाख। |
| ३ | खेलकुद सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति खेलकुद विकास समितिबाट राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप सञ्चालनको लागि पेश भएको प्रस्ताव स्वीकृत गरी खेलकुद विकास समितिको निर्णयबाट तोकिएको मितिमा खेलकुद सञ्चालन गर्ने निर्णय |

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को चौथो कार्यपालिका बैठक — ०८ असोज २०८२

ने.स. ११४५ कौलाथ्व ३ बुधबार

| | | |
|---|---|---|
| | | गरियो। साथै अध्यक्ष कप सञ्चालनको लागि पेश भएको प्रस्ताव अनुसार १४ लाख नौ हजारको प्रस्ताव पेश भएकोमा १३ लाख ५० हजारमा सम्पन्न गर्ने र राष्ट्रपति रनिङ्ग शिल्ड बजेट अनुसार तोकिएको वजेटवाट सम्पन्न गर्ने। साथै खेलकुद सञ्चालन र व्यवस्थापनको लागि पूर्व तयारी गर्न तत्कालको लागि एक मुष्ठ रु. ८ लाख पेश्कि रकम दिने । |
| ४ | ल्होसारको थप रकम भुक्तानी सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा २०८१ सालको ल्होसार कार्यक्रममा रु. १० लाखको प्रस्तवा पेश भएको र ८ लाख भुक्तानी दिएकोले बाँकी २ लाख चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको स्थानीय कला संस्कृति धर्म सम्वन्धी दिवस तथा विपन्न स्वास्थ्य उपचार र संघ संस्था सहायता कोषवाट भुक्तानी दिने। |
| ५ | सेवा सुविधा सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति आधारभुत अस्पतालमा कार्यरत कार्यालय सहयोगी दिना कुमारी मोक्तानलाई मासिक रुपमा रु. दश हजार मात्र तलब सुविधा दिईरहेकोमा असोज महिना देखि लागु हुने गरी रु.१८ (अठार) हजार ४ (चार) सय मात्र तलव सुविधा दिने निर्णय गरियो। |
| ६ | राष्ट्रिय रोजगार कार्यक्रमको योजना सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि स्वीकृत राष्ट्रिय रोजगार कार्यक्रमको कुल बजेटवाट प्रत्येक वडामा रु. ४ (चार) लाख विनियोजन गर्ने र वडा समितिको वैठकवाट विनियोजित वजेटको लागि लागत साझेदारीमा अर्थात रोजगार तर्फको वजेटवाट मात्र कार्यान्वयन हुने गरी योजना तथा कार्यक्रम छनौट गरी गाउँकार्यापालिकामा पेश गर्ने। बाँकी रहेको बजेट गाउँकार्यपालिकाको वैठकको निर्णय बमोजिम पालिका स्तरीय योजना तथा कार्यक्रम तर्जुमा र रोजगार तर्फको रकम विनियोजन गरी कार्यान्वयन गर्ने। रोजगार तर्फको कार्यकम र योजना कार्यान्वयभ गर्दा वास्तविक सूचिकृत वेरोजगारहरुवाट नै काम गराई कार्यान्वयन गर्ने। |
| ७ | सुनापति आधारभूत अस्पताल उद्घाटन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति आधारभुत अस्पतालको औपचारिक रुपमा उद्घाटन २०८२ असोज २९ गते नेपाल सरकारका उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री, पूर्वाधार तथा यातायात मन्त्री र सहरी विकास मन्त्री श्री कुलमान घिसिङको प्रमुख आतिथ्यतामा गर्ने।<br>यसको व्यवस्थापनको जिम्मेवारी तपसिलको पदाधिकारी र कर्मचारीलाई दिने:<br>वडा नं. ३ को वडा अध्यक्ष श्री कुल बहादुर थिङ्ग<br>जिन्सी शाखा प्रमुख श्री देव शंकर यादव<br>रोजगार संयोजक श्री कर्ण वि.क. |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ८ | नेपाल टेलिकमको फाइबर विछ्याउने तथा ल्याण्डलाईन टेलिफोन सेवा र फोन नेटवर्क सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तपसिलको निर्णय गरियो: <br>१. सुनापति गाउँपालिकाको वडा नं. १ को गुन्सी क्षेत्र, वडा नं. २ को दिमीपोखरी क्षेत्र, वडा नं. ३ को पालिका केन्द्र र वडा कार्यालय तथा हिलेदेवी क्षेत्र, वडा नं. ४ को वेथान तथा डहु क्षेत्र र वडा नं. ५ को खनियापानी क्षेत्रमा इन्टरनेट तथा टेलिफोनको लागि नेपाल टेलिकम मार्फत फाइवर विछ्याउने निर्णय गरियो। <br>२. नेपाल टेलिकमबाट पालिका लगायत वडाहरुमा फाइवर विछ्याउँदा ल्याण्डलाईन टेलिफोन सहितको सुविधा विस्तार हुने गरी फाइवर विछ्याउन लगाउने। <br>३. सुनापति गाउँपालिका क्षेत्रभित्र टेलिफोन नेटवर्कको समस्याको कारण सञ्चार आदान प्रदानमा समस्या परिरहने हुनाले सो को उचित व्यवस्थापन र सूचना र सञ्चारमा कुनै प्रकारको व्यवधान नहुने गरी टावर व्यवस्थापनको लागि नेपाल टेलिकम मन्थली रामेछापमा समन्वय तथा अनुरोध गर्ने। |
| ९ | अस्थायी आवासको दोस्रो किस्ता भुक्तानी सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा यस गाउँपालिकाको अस्थायी आवासको सुविधा प्राप्त गर्ने लाभग्राहीहरुको अस्थायी आवास निर्माण कार्य सम्पन्न भएकोमा वडा कार्यालयको आवास निर्माणको कार्य सम्पन्न भएको सिफारिस र प्राविधिक प्रतिवेदनको आधारमा दोस्रो किस्ताको रकमा भुक्तानी दिने । |
| १० | ललितकला प्रज्ञा प्रतिष्ठासँग समन्वय गर्ने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा उधमशीलता सम्वन्धी सीप विकासका कार्यक्रम तथा हस्तकला सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा उद्योग तथा वाणिज्य कार्यालय, मन्थली रामेछापबाट प्राप्त जानकारी अनुसार ललितकला प्रज्ञा प्रतिष्ठानसँगको प्राविधिक तथा अन्य सहयोग तथा समन्वयमा सञ्चालन गर्न गाउँपालिकाले सहजीकरण गर्ने। यस अन्तर्गत ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा थाङ्का तथा गलैंचा तालिमा सुनापति, रामेछाप सञ्चालन गर्न ललितकला प्रज्ञा प्रतिष्ठानसँग आवश्यक समन्वय गरी कार्यक्रम कार्यान्वियन गर्ने। |
| ११ | सोलार वत्ति खरिद सम्वन्धमा। | सुनापति आधारभुत अस्पतालको मितिः २०८२ असोज २९ गते उद्घाटनको लागि अस्पताल परिसर तथा भवनमा साथै आसपासका क्षेत्र लगायत सादीडाँडाबाट अस्पताल जाने बाटोमा सोलार व्यवस्थापनको लागि चालु आर्थिक वर्षको स्वीकृत वजेट तथ कार्यक्रमको सुनापति अस्पताल तथा उपकरण व्यवस्थापन शिर्षकबाट प्रचलित खरिद |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | ऐन तथा नियमावलीको अधिनमा रही कोटेशन विधिबाट खरिद गरी व्यवस्थापन गर्ने। यसको लागि सोही शिर्षकबाट रु. १० लाख बजेट विनियोजन गर्ने। |
| १२ | खेलकुद प्रशिक्षणको भुक्तानी सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति गाउँपालिका खेलकुद विकास समितिले चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिका भित्र रहेका ९ (नौ) वटा विद्यालयका विद्यार्थीहरुलाई भलिबल, कवडी तथा अन्य खेलहरु प्रशिक्षण गराए बापतको भुक्तानी खेलकुद विकास समितिलाई दिने। |
| १३ | भुक्तानी सम्वन्धमा। | सुनापति गाउँपालिकाको पर्यटन सम्वन्धी श्रव्य दृश्य सामाग्री निर्माण बापतको रकम श्रव्य दृश्य सामाग्री निर्माण गरी प्रतिवेदन सहितको श्रव्य दृश्य सामाग्री दाखिला गरेकोले ज्योत्सना क्रियशन प्रा.लि. नयाँबानेश्वार काठमाण्डौंलाई तोकिएको शिर्षकबाट भुक्तानी दिने। |
| १४ | म्याद थप सम्वन्धमा। | शैलुङ्गेश्वरी चौरीखोला कन्स्ट्रक्सन कम्पनी प्रा.लि. दोरम्वा गा.पा. -७, रामेछाप र सुनापति गाउँपालिकाले २०८०।०८१ मा Procurement of Gunsi Chaur Pokhari Dhara/Mandir/Sadak/Paryavaran Samrakshyan Sunapati 01, SUN/W/NCB/03/2080/81 ठेक्काको लागि बोलपत्र आह्वान गरी सम्झौता भए वमोजिम सो कम्पनीले सो ठेक्काको काम सम्पन्न गर्नको लागी २०८२ असोज मसान्त सम्म म्याद थपिएको तर असार, श्रावण, भदौको अविरल वर्षाको कारण बाढी पहिरो गई बाटो अवरोधको भएर निर्मण सामाग्री समयमा निर्माण स्थलसम्म ढुवानी गर्न नसक्नुको साथै असोज १७ देखि १९ सम्मको वर्षाको कारण प्रकृतिक विपद्समेत भएको र गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनको कारण भएको सरकारी निर्णयले समेत थप गरिएको अवधिमा कार्यसम्पन्न गर्न नसकिने भनी निवेदन पेश भएकोमा बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि अन्तिम पटकको लागि २०८२ चैत्र मसान्तसम्मको लागि म्याद थप गर्ने र पोखरी निर्माणको कार्यसम्मपन्न गराउने निर्णय गरियो। |
| १५ | विविध सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा आवश्यकता अनुसार पुनः बैठक वस्ने। |

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

CamScanner